वार्षिक समिक्षा प्रतिवेदन

आ.व. २०७५/७६

देवघाट गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत श्री रमेश सुवेदीको अध्यक्षतामा, अध्यक्ष श्री दुर्ग बहादुर थापाको प्रमुख अतिथ्यतामा, वडा अध्यक्षहरू, कार्यापालिका सदस्यहरू,वडा सदस्यहरू र शाखा/इकाइ प्रमुखहरूको सहभागितामा यस गाउँ कार्यपालिकाको कार्यालय वाट आ.व. ०७५/०७६ को तेस्रो चौमासिक अवधि सम्मको विभिन्न वियषगत शाखा इकाइहरुवाट तथा वडा कार्यालयहरूवाट भए गरेका काम कारवाहीको प्रगति समिक्षा कार्यक्रम मिति २०७६/०५/०२ गते सम्पन्न गरियो ।

कार्यक्रममा विभिन्न विषयगत शाखा /इकाइहरु वाट आ.व. २०७५/०७६ मा भएका काम कारवाहीहरूको प्रगति, समस्या , सुझावहरूको वारेमा प्रस्तुत भयो भने त्यस माथि छलफल, अन्तरकृया समेत सम्पन्न भयो । यस समिक्षा प्रतिवेदन सवैको जानकारीको लागि यस गाउँपालिकाको वेवसाइट (website) मा राखिएको व्यहोरा अनुरोध छ।

देवघाट गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय

देवघाट तनहुँ ,

प्रतिवेदन

प्रधानमन्त्री रोजगार कार्यक्रम आ.व.२०७५/०७६

श्रावण २०७६

प्रधानमन्त्री रोजगार कार्यक्रम

मुलुकमा विद्‍यामान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो आर्थिक विकास हासिल गर्ने उदेश्यले नेपाल सरकारले काम र रोजगारीलाई उच्च प्राथमिकमा राखि प्रधानमन्त्री रोजगार कार्यक्रम, कार्यान्वयनमा छ । नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्नको लागि नेपाल सरकारले रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ सन्चालन छ । यस कार्यक्रम अन्तर्गत प्रत्यक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहने प्रावधान बमोजिम यस गाउँपालिकामा समेत रोजगार सेवा केन्द्र स्थापना गरी कार्यसन्चालन गरिएको छ ।

रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्ति र रोजगारीका अबसरहरुको तथ्याङ्क अद्‍यावधिक गर्ने कार्य गर्दछ । रोजगारदाताहरुलाई दक्ष, अर्धदक्ष र अदक्ष जनसक्तिको विवरण दिई आवश्यक परेको खण्डमा रोजगारीमा लगाउन समेत सहयोग गर्नेछ । बेरोजगार व्यक्तिहरुले आ–आफ्नो वडा कार्यालयमा गई न्यूनतम रोजगारीमा संलग्न हुन पाउँ भनि निवेदन गर्नुपर्ने व्यवस्था मिलाइएको थियो । बेरोजगार व्यक्तिले एक आर्थिक बर्षका लागि निवेदन दिने समय चैत्र महिनाभरी रहेको भएता पनी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयम मार्फत समयावधि बैशाख मसान्तसम्म थप भई बेरोजगारहरुको आवेदन दर्ता गराइएको छ ।

यस गाउँपालिकाका ५ वटै वडा कार्यालयहरुमा समेत बेरोजगार व्यक्तिहरुले आवेदन दिने व्यवस्था मिलाइएको थियो। निवेदन दिने म्याद बैशाख ३१ गते सकिएको छ । यस गाउँपालिकामा ५३३ जनाले बेरोजगार आवेदन दर्ता गराएका छन्। जसमा वडा नं. १ मा २८४, वडा नं. २ मा ८६ , वडा नं. ३ मा ६५, वडा नं. ४ मा १४ र वडा नं. ५ मा ८४ गरी जम्मा ५३३ जनाले न्युनतम रोजगरीमा संलग्न हुन पाउँ भनि निवेदन दिएका छन्।

वडा नं.	पुरुष	महिला	जम्मा वेरोजगार
१	१३३	१५१	२८४
२	५९	२७	८६
३	५५	१०	६५
४	१४	०	१४
५	४४	४०	८४
जम्मा			५३३

आवेदन दिएका वेरोजगार व्यक्तिहरुलाई रोजगार दिनको लागि विभिन्न क्षेत्रहरु सडक निर्माण तथा मर्मत, कृषि तथा सिंचाई, ग्रामिण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, बन तथा जलाधार, पर्यटन छनोट गर्न सक्ने प्राबधान यस गाउँ कार्यपालिकाको मिति २०७६/०२/१५ को निर्णय अनुसार गोपिटार र कराँदिप होमस्टेमा शौचालय तथा आवस्यक संरचना निर्माणका लागि ससर्त बजेट बिनियोजन गरीएको थियो।

आयोजनाको नाम	**ठेगाना**	**बजेट**
गोपिटार सामुदायिक होमस्टे भवनको पेटी तथा शौचालय निर्माण	देवघाट-१ कोटा	लागतः रु ४,००,०००।००
कराँदिप सामुदायिक होमस्टे भवन, शौचालय तथा चौतारा निर्माण	देवघाट-२ कराँदिप	लागतः रु ४,००,०००।००

पारीश्रमिकमा आधारित सामुदायिक आयोजना सन्चालन कार्यविधि अनुसार कुल वजेटको ७०% श्रमिकको ज्यालामा र वाँकी निर्माण सामाग्रीमा खर्च गर्नुपर्ने प्रावधान रहेको छ ।

यस आर्थिक वर्षमै ६० जनालाई औसत १५ दिनको रोजगारी दिन सकिएको छ । जसमध्य वडा नं १ मा १६ पुरुष र १९ महिला गरी ३५ जना र वडा नं २ मा १७ पुरुष र ८ महिला गरी कुल ६० जना रहेका छन । आगामी आर्थिक वर्षको लागि भने कम्तीमा १०० दिनको रोजगारी दिने तयारी समेत गरिएको छ । रोजगारीको लागि आवेदन दिएका बेरोजगार व्यक्तिहरुको चाहना बमोजिमको काममा लगाउनको लागि कम्तीमा २० जनाको समूह निर्माण गर्ने तथा क्षेत्र छनोट गरी काममा लगाउने प्रावधान रहेको छ ।



यस गाउँपालिकाकामा रहेको रोजगार सूचना केन्द्रले देवघाट क्षेत्रभरी रहेका सम्पुर्ण उद्योग, व्यापार, व्यवसाय, निर्माण कम्पनी, विद्यालय, सहकारी संस्था, गैर सरकारी संस्था तथा निजि क्षेत्रहरुसँग समेत समन्वय गरेर तहाँ आवस्यक पर्ने कर्मचारीहरु समेत रोजगार सूचना केन्द्रबाट माग गरी लैजान सकिने व्यवस्था मिलाएको छ ।

मिति २०७५गतेका दिन देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी ज्यूको २२/१२/ अध्यक्षता तथा गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्यूको प्रमुख आतिथ्यतामा कार्यपालिका सदस्यज्यूहरू र वडा सचिवहरूलाई प्रधानमन्त्री रोजगारकार्यक्रम सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष वडा अध्यक्षहरू कार्यपालिका ,

सदस्यहरू जनाको २७ तथा सरोकारवाला गरी जम्मा ,वडा सचिवहरू ,शाखा प्रमुखहरू ,उपस्थिति रहेको थियो ।

कार्यक्रमको पहिलो सत्रमा प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदीले प्रधानमन्त्री रोजगारकार्यक्रमको उद्धेश्यआवस्यकता र औचित्य माथि प्रकाश पार्नु हुँदै देव ,घाट गाउँपालिकामा रोजगारीको अवस्था र थप सिर्जना गर्न सकिने क्षेत्रहरूको बारेमा चर्चा गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रम, बेरोजगार निबेदन संकलन तथा सम्वन्धित बिबिध बिषयहरुका सम्वन्धमा बुझाईमा एकरुपता ल्याउने प्रयास गरिएको थियो ।

गोपिटार सामुदायिक होमस्टे भवनको पेटी, तथा संरचना निर्माण

गोपिटार सामुदायिक होमस्टे भवनको पेटी, तथा संरचना निर्माण गरी उत्कृस्ट कार्य गरेबापत गाउँ सभामा सम्मानित हुँदै ।

रोजगार सूचना केन्द्रले बेरोजगारहरुको तथ्याङ्क संकलन तथा रोजगारदाताहरुको तथ्याङ्क अद्यावधिक गर्ने गरेको छ । जसले गर्दा रोजगारदाता तथा बेरोजगार व्यक्तिहरुको आवश्यक समन्वयको कमि लाई यसले दुर गर्नेछ । एकातिर रोजगारदाताले श्रमिक जनशक्तिको अभावमा काम गर्न गाह्रो भएको गुनासो र बेरोजगार व्यक्तिहरुले काम नपाउँदाको समस्यालाई समाधान गर्न रोजगार सूचना केन्द्रले समन्वयकारी भूमिका खेल्नेछ ।

करााँदिप सामुदायिक होमस्टे भवन, शौचालय तथा चौतारी निर्माण

करााँदिप सामुदायिक होमस्टे भवन शौचालय तथा चौतारी निर्माण गरी उत्कृस्ट कार्य गरेबापत गाउँ सभामा सम्मानित

आर्थिक प्रगति प्रतिवेदन

प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रगति विवरण

आ.व. २०७५/७६

स्थानीय तहको नाम	देवघाट गाउँपालिका
जिल्ला	तनहुँ

	प्राप्त अनुदान	खर्च रकम	बाँकी	कैफियत
तलव	१३७०००	१२७०८३	9917	
स्थानीय भत्ता	०	०	0	
कार्यक्रम खर्च	३०२०००	२०८९७३	93027	
विविध	२३०००	२३०००	0	
अनुगमन	५०००	०	5000	
कार्यालय संचालन खर्च	३२०००	०	32000	
कूल	**499000**	**359056**		

कामका लागि पारिश्रमिकमा आधारित कार्यक्रमका लागि सशर्त अनुदान

प्राप्त अनुदान रकम		खर्च भएको रकम (ख)		कैफियत
		ज्याला रकम	५५५७५०	
		निर्माण सामाग्री खरिद	१८४०००	
		हाते औंजार खरिद	०	
		अन्य खर्च	३६७२०	
कूल प्राप्त अनुदान रकम (क)	८०००००	कूल खर्च (ख)	७७६४७०	
		बाँकी रकम (क-ख)	**23530**	

कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतिहरु

१. श्रम प्रतिको सम्मान सवै तहबाट नहुनु ।

२. ढिलो गरी बजेट प्राप्त भएको र वर्षातको समयमा कार्य सम्पन्न गर्नुपर्ने भएकोले समयमै सम्पन्न गर्न ।

३. सबै ब्याक्तिहरुको बैङ्क मार्फत ज्याला भुक्तानी गर्न ।

४. एउटै वडा भित्र रहेका योजनामा समेत बेरोजगार ब्याक्तीलाई खटाउन नसकीएको ।

कार्यक्रम कार्यान्वयनका लागि सुझाबहरु

१. श्रमको सम्मान देवघाट गा.पा.को अभियान कार्यक्रम सन्चालन गर्नुपर्ने।

२. ससर्त अनुदान रकमको ७०% ज्यालामा खर्च गर्नुपर्ने र ३० % ले मात्र निर्माण सामाग्री खरिद गर्नुपर्ने प्रावधान रहेकोले निर्माण सामाग्री खरिदका लागि अपुग गुने रकममा गाउँपालिकाको स्रोतबाट थप गर्नुपर्ने ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्वन्धी मन्त्रालयको मिति २०७६/०४/१३ को निर्णय अनुसार रु १ करोड भन्दा साना आयोजनामा सम्भव भएसम्म हेभि ईक्युपमेन्टको प्रयोग निरुत्साहित गरी श्रम मुलक प्रबिधिको प्रयोग गर्ने

४. बेरोजगार ब्याक्तिहरुको बैङ्क खाता खोल्ने कार्यलाई बैङ्क संग को सहकार्यमा अगाडी बडाउने।

<u>आ.व. २०७५/७६ मा कृषि ईकाइबाट भएका कर्यप्रगती विवरण</u>

१, IPM कृषक पाठशाला देवघाट ५ झारखानिमा सम्पन्न ।

२, साना सिंचाई आयोजना कार्यक्रम १,२ र ३ मा

३, तरकारी किट वितरण कार्यक्रम ५ वटै वडामा

४, उन्नत सधनबालि बिउ वितरण कार्यक्रम ५ वटै वडामा

५, कलमी फलफूल बिरुवा वितरण कार्यक्रम ५ वटै वडामा

६, सुन्तला, आँप, लिची बगैचा सुधृढिकरण कार्यक्रम ५ वटै वडामा

७, भकारो सुधार कार्यक्रम १ र ४ मा

८, मौरीधार तथा स्प्रेयर बितरण कार्यक्रम ५ वटै वडामा

९, सबै वडाका टोलबिकास सस्थाहरु अन्तर्गत कृषक समुह गठन कार्यक्रम सम्पन्न

समन्वयात्मक कार्यक्रमहरु

१, कृषि व्यावसाय प्रर्दन सहयोग तथा तालिम केन्द्र मालेपटन पोखराको आयोजनामा ६ कार्यदिने व्यावसायिक तरकारी केति तालिम र ६ कार्यदिने व्यावसायिक मौरी पालन तालिम सम्पन्न ।

२, जिल्ला जनस्वास्थको आयोजनामा २ दिने रासायनिक मल र विषादी रासायनिक बिषाबाट मानव स्वस्थ तथा वातावरणमा पर्ने असरको बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न ।

तयार गर्ने

संगिता अधिकारी

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा इकाई

वार्षिक कार्य प्रगति प्रतिवेदन
२०७५/०७६

<u>प्रस्तुत कर्ता</u>
शिवराज खनाल
स्रोत व्यक्ति

१. पृष्टभूमी :

शिक्षा एक गतिशील मानवीय प्रक्रिया र राष्ट्र निर्माणका मेरूदण्ड हो । शिक्षा प्रतिको बढ्दो सार्वजनिक चासो र चिन्तनका कारण नेपाल सरकारले शिक्षालाई वालवालिकाक नैसर्गिक अधिकारको रूपमा स्वीकार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक मञ्चहरू मार्फत विश्व सामु सवैको लागी शीक्षा पुर्याउने प्रतिवद्धताका साथ विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिएको छ। यसै गरी सवै विद्यालयमा वालवालिकाको पहूँच वृद्वि , विद्यालयमा भर्नाभएका वालवालिकाहरूलाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्रदानगर्न एवम् विद्यालय र सरोकारवालाहरूको क्षमता अभिवृद्विगर्न सेति परियोजना देखि आधारभुत तथा प्रथामिक शिक्षा कार्यक्रमम, सबैका लागि शिक्षा कार्यक्रम, माध्यामिक शिक्षा सहयोग कार्यक्रम , विद्यालय क्षेत्र सुधार कार्यक्रम आदि जस्ता विविध कार्यक्रमहरू कार्यान्वयनमा आईसकेको छ । ति सबै कार्यक्रमहरुको उपलव्धिहरूलाई रक्षा गर्दै अरु बढी उपलब्धी हासिलगर्न हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयनको अवस्थामा रहेको छ । साथै विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु समेत वालवालिकाको शैक्षिक उन्नयनका लागि प्रयत्नशिल छन् ।

यस प्रकार सरकारी एवं गैर सरकारी क्षेत्रवाट शैक्षिक विकासका लागि विगतमा ठुलो लगानी र अथक प्रयास हूँदा पनी अपेक्षित उपलब्धि हाँसिल हुन नसकी शिक्षा क्षेत्र आलोचनाको शिर्ष विन्दुमा गुज्रिरहेको अवस्थामा राज्य व्यवस्था संघियतामा आयो हालको नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मा स्थानिय तहलाई दिईसकेको पछी यस देवघाट गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको शैक्षिक उठन्यनको जिम्मेवारी लिएको छ।

तसर्थ विगत आर्थिक वर्षमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा तथा मानव स्रोतविकास केन्द्र सानोठीमी भक्तपुरले उपलव्ध गराएको कार्यक्रम, कार्यान्वियन पुस्तिका २०७५/७६ स्थानिय सरकार ऐन २०७४ को सिमा एंव गाउँपालिकाको आर्थिक अनुशासनको परिधी भित्र रहेर कार्यक्रम संञ्चालन गरिएको थियो ।

२. उदेश्य :-

- शिक्षाको दैनिक प्रशासन संचालन
- विद्यालय संचालन प्रक्रिया अगाडी बढाउन
- विद्यालय व्यवस्थापन एंव सुद्रिढिकरण मा टेवा पुर्याउन
- शैक्षिक सुशासन कायम गराउने
- शैक्षिक गुणस्तर (सिकाई उपलब्धी) वृद्वी गराउने ,
- विद्यालय संचालन र व्यवस्थापनका लागि मार्ग निर्देशन गराउने ,
- विद्यालयका हरेक गितिविधिलाई पारदर्शी बनाउने

- वालमैत्री विद्यालय स्थापना ,
- विद्यालयलाई सफा, सुग्घर र हराभरा बनाउनु,

३. अवस्था :-

क्र.स.	सामुदायिक विद्यालय संङ्ख्या	संस्थागत विद्यालय संङ्ख्या	धार्मिक विद्यालय संङ्ख्या	संङ्ख्या	पुस्तकालय संङ्ख्या	संङ्ख्या	क्याम्पस सङ्ख्या
१	३३	२	३	३६	१	१	०

- **कुल शैक्षिक संङ्ख्या – ७६ वटा**

४. प्रगती

देवघाट गाउँपालिकाको शिक्षा इकाईले यस आ.व. मा गरेको कार्य प्रगतिलाई निम्न अनुसार ४ वटा क्षेत्रमा विभाजन गरिएको छ।

 # शैक्षिक प्रगति :-

१. सबै विद्यालयमा अनुगमन निरिक्षण तथा प्रष्टपोषण प्रदान
२. कक्षा अवलोकन तथा निरिक्षण
३. विद्यालय संचालन तथा व्यवस्थापन अन्तरगत १ महिला सझ कार्यक्रम, संञ्चालन र प्रतिवेदन सम्प्रेषण
४. शीक्षकको शिक्षण सिकाइमा विताउने समयवधी सुधार योजना कार्यान्वयन
५. प्रारम्भिक पढाईसिप न्युन्नतम प्याकेज कार्यान्वयन
६. लेखाम तथा जिन्सी व्यवस्थापन तालिम संचालन
७. सामाजिक परिक्षण तालिम संचालन
८. विज्ञान विषय शिक्षक तालिम संचालन
९. विद्यालय सहयोगीहरूको तालिम संञ्चालन
१०. कक्षा -८ को परिक्षा संचालन तथा व्यवस्थापन
११. विद्यालय सुधार योजना निर्माण तालिम संचालन
१२. विद्यालय सुधार योजना निर्माण तालिम सचालन
१३. नियमित प्र. अ. वैठक संचालन
१४. विषयगत शिक्षक वैठक संचालन
१५. ECD स. का. तालिम

#प्रशासनिक प्रगती :-

१. गाउँ शिक्षा समितिको वैठक – ५ पटक
२. दरवन्दी मिलान समितिको वैठक – २ पटक
३. परिक्षा समितिको वैठक – ५ पटक
४. परिक्षा उप समितिको वैठक – ५ पटक
५. शिक्षा इकाईको दैनिक प्रशासन
६. विविध तालिम, गोष्ठी र सेमिनार मा सहभागिता
७. शिक्षा विकास तथा समन्वय इकाई संग समन्वय , सहकार्य र सहयोग
८. विद्यालयको वार्षिक उत्सब तथा अभिभावक भेलामा

 # सहभागिता ,

१) ६ वटा विद्यालय समायोजन
२) सबै विद्यालयको दरबन्दि मिलान

#वितिय एंव भौतिक प्रगति:-

क्र.स.	खर्चका शिर्षकहरू	निकासा रकम	कुल खर्च	खर्च प्रतिशत (%)	कैफियत
१	**सबै तहका शिक्षकहरूलाई तलब , भत्ता व्यवस्थापक**	**७,५६,८९,०००/-**	**७,५६,८९,०००/-**	**१००**	
२	**विद्यालय संञ्चालन तथा व्यवस्थापन**	**२२,०७,०००/-**	**१३४००००/-**	**६०.६९**	
३	**वा.नि.के. सहजकर्ता पारीश्रमिक**	**१७९४०००/-**	**१७९४०००/-**	**१००**	
४	**विद्यालय कर्मचारी व्यवस्थापन अनुदान**	**४९०६०००/-**	**४९०६०००/-**	**१००**	
५	**३०० k corner तथा CAS अनुदान**	**९८१०००/-**	**३१५०००**	**३२.११**	
६	**कक्षा ११ – १२ पा.प्र.अनुदान**	**२,००,०००/-**	**२,००,०००/-**	**१००**	
७	**छात्रवृत्ती रकम वितरण**	**८,७८,०००/-**	**६,८५,०००/-**	**७८**	
८	**धार्मिक तथा वैकल्पिक विद्यालय संचालन अनुदान वितरण**	**५,००,०००/-**	**५,००,०००/-**	**१००**	
९	**स.सि.के. संचालन अनुभब**	**२,००,०००/-**	**२,००,०००/-**	**१००**	
१०	**विद्यालय भवन निर्माण अघिल्लो आ.व. को क्रमागत**	**१८,००,०००/-**	**१८,००,०००/-**	**१००**	**काली गंगा मा.वि.**
११	**कक्षा -८ को परीक्षा संचालन**	**७२,०००/-**	**७२,०००/-**	**१००**	
१२	**उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालय लाई अनुदान**	**३,२४,०००/-**	**३,२४,०००/-**	**१००**	**बज्रयोगिनी मा.वि.**
१३	**शिक्षण सिकाई समायवधी सुधार कार्यक्रम संचालन**	**१२,०००/-**	**१२,०००/-**	**१००**	
१४	**मा.वि. पुस्ताकालय निर्माण अनुदान वितरण**	**१९,५०,०००/-**	**१९,५०,०००/-**	**१००**	**वज्रयोगिनी सिद्वमहाकाली**
१५	**शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोगका लागि अनुदान वितरण**	**१३,००,०००/-**	**१३,००,०००/-**	**१००**	**कालि गंगा कालिका**
१६	**मा.वि. विज्ञान प्रयोगशाला अनुदान**	**१३,००,०००/-**	**१३,००,०००/-**	**१००**	**पार्वती आर्दश मा.वि.**
१७	**प्रारम्भिक पढाई, सिप न्युनतम प्याकेज कार्यान्वयन कार्यक्रम संञ्चालन**	**३,७८,०००/-**	**३,७८,०००/-**	**१००**	
१८	**कक्षा-१-१० पा.प्र. अनुदान वितरण**	**१४८१०००/-**	**१२५१६८४/-**	**८४.५१**	
१९	**WASH शौचालय निर्माण**	**१४,००,०००/-**	**१४,००,०००/-**	**१००**	**आर्दश, भृकुटी**
२०	**गणित, विज्ञान र अंग्रजी विषयका लागी सामग्री खरिद अनुदान**	**१,५०,०००/-**	**१,००,०००/-**	**६६.६६**	
२१	**४ कोठे भवन निर्माण अनुदान वितरण**	**३२,००,०००/-**	**३२,००,०००/-**	**१००**	**राष्ट्रिय आ. मा.वि. देवघाट-४**

२२	शिक्षण सिकाई सहयोग अनुदान वितरण	१०९८०००/-	१०९८०००/-	१००	बज्रयोजगिनि,सिद्बमहाकाली , लक्ष्मि मा.वि. , गोरखा कालिका
२३	धार्मिक प्रकृतिका विद्यालय कर्मचारी पोशाक खर्च वितरण	१५,००,०००/-	१५,००,०००/-	१००	वेदवेदाङ, परमान्द महेश
२४	वा.वि. के.स का/विद्यालय कर्मचारी पोशाक खर्च वितरण	७,९०,०००/-	७,१०,०००/-	९०	
२५	परम्परागत धार्मिक तथा वैकल्पिक विद्यालय संचालन अनुदान	२१,४५,०००/-	१९,००,०००/-	८९	
२६	शिक्षक तलब भत्ता थप	२३,२१,०००/-	-	०	
				कुलः- ८८ %	

५. लाभान्वित वर्गहरू :-

- **विधार्थी -२७००**
- **शिक्षक- २०२**